# प्रेस विज्ञप्ती

यस निजगढ नगरपालिका कार्यालय र यस कार्यालयमा कार्यरत रहेका सम्पूर्ण कर्मचारीहरुले यस नगरपालिकाको उज्जल भविष्य, समुन्नत समाज तथा स्मार्ट सिटीको अवधारणा सहित दैनिक रुपमा जनता प्रति सेवामा सर्मपित भई सुन्य भ्रष्टाचारको सिद्धान्तलाई अँगिकार गरी सबै कर्मचारीहरुले यस निजगढ वासी र निजगढको विकासको लागी अहोरात्र खटीई जनताको सेवा गरी रहनु भएको व्यहोरा सबै निजगढ वासी र यस निजगढलाई मायाँ गर्ने सचेत नागरीकहरु र सर्वसाधारणमा जानकारी गराउन चाहन्छौं ।

हामी यस निजगढको चौथौ नगरपरिषदसम्म आईपुग्दा यस नगरपालिकाले आफना नगरवासीहरुलाई प्रस्तुत गरेको वजेट, निति र कार्यक्रमवाट पनि यहांहरु विदितै हुनु हुन्छ भन्ने आशा हामीले लिएकाछौं । यस निजगढ नगरपालिकाको भवन निर्माणको लागी नेपाल सरकारवाट आ.व. २०७१/२०७२ मा रु १,००,००,०००/- एक करोड वजेट व्यवस्था भएकोमा केही विविध कारणले सो आ.व.मा भवन निर्माणको कार्यहरु गर्न सकिएन । आ.व. २०७२/२०७३ मा नेपाल सरकारवाट पुन: रु १,००,००,०००/- एक करोडमात्र वजेट व्यवस्था भएको र सोही आ.व.मा हामीले २.५ तल्लाको भवन निर्माणको लागी सार्वजनिक खरिद ऐन, २०६३ वमोजिम (e-bidding) वोलपत्रमार्फत भवन निर्माण गर्न रु ३६८,४१,६७३/१८ (तिन करोड अडसठ्ठी लाख एकचालीस हजार छसय त्रिहत्तर र पैसा अठारमात्र) मुल्य अभिवृद्धि कर वाहेकमा श्री प्रतिष्ठा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. काठमाण्डौसँग सम्झौता गरी उक्त कम्पनिले नियमित रुपमा आफनो कार्य गरी रहेको र निजले उक्त भवन सम्झौता भएको मितिले १६ सोह्र महिनामा सम्पन्न गरी यस कार्यालयलाई हस्तान्तरण गर्नु पर्ने सम्झौतामा व्यवस्था भएको छ । यस आ.व.२०७३/२०७४ मा सो कार्यको लागी पुन: रु १००,००,०००/- एक करोड मात्र वजेट व्यवस्था भएको छ । हालै सम्पन्न भएको चौथो परिषदका प्रमुख अतिथि माननीय राज्य मन्त्रीवाट उक्त भवन पूर्ण निर्माण गर्नको लागी वजेट आवश्यक परेमा थप वजेट निकासा गरी दिने वचनबद्धता गर्नु भएको सबैमा जानकारी गराउदछु । उक्त भवनमा यस नगरपालिकाले आफनो आम्दानीवाट कुनै रकम लगानी नगरिएको व्यहोरासमेत सचेत नागरीक र सर्वसाधारणमा अवगत गराउन चाहन्छौं ।

हामीले विभिन्न पत्र पत्रिका र फेसबुक सन्जालहरुमा यस निजगढ नगरपालिकाको भवन निर्माणको सन्दर्भमा प्रकाशित भएको समाचारहरु प्रति यस कार्यालयको ध्यानकर्षण भएका छौं । साथै मिति २०७३/०९/२४ गते केही सम्वद्ध व्यक्तिहरुले निजगढ नगरपालिका कार्यालयको निर्माणाधिन भई रहेको भवनमा गई नेपाल सरकारवाट सन्चालन भएका निर्माण कार्यहरुमा वाधा विरोध गर्ने कार्य गरेको प्रति समेत ध्यान आकर्षण भएकोछ । साथै यस निजगढ नगरका ६ वटा राजनैतिकदलहरुले निजगढ नगरपालिकाको निर्माण भई रहेको भवन प्रति ठेकेदारको लापरवाहीवाट गुणस्तरहिन सामान प्रयोग भई रहेको सम्वन्धमा समेत प्रेस विज्ञप्त जारी गरेको देखियो । उक्त प्रेस विज्ञप्ती मिति २०७३ साल माघ ३ गते १ वजे यस कार्यालयमा दर्ता हुन आएको सन्दर्भमा र उपरोक्त समाचारहरु र प्रेस विज्ञप्तीमा उठाइएको विषय वस्तुहरुलाई हामीले स्पष्टरुपमा सबैलाई जानकारी होस भन्नको लागी समेत यस कार्यालयवाट प्रेस विज्ञप्ती जारी गर्नु परेको व्यहोरा सबै राजनैतिक दल, पत्रकार मित्रहरु र सचेत नागरीक र सर्वसाधारणमा जानकारीको लागी प्रेस विज्ञप्ती जारी गरेकाछौं ।

हामीले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, नगरपरिषदको निर्णय र प्रचलित कानुनको अधिनमा रही यस कार्यालयले आफनो कार्यहरु सम्पादन गरी रहेको व्यहोरा सबैमा जानकारी गराउदछौं । माथी प्रकाशित भएको समाचार सम्वन्धमा यस कार्यालयवाट मिति २०७३/०९/२७ गतेका दिन निर्माण कार्यको रेखदेख तथा सुपरभिजन गर्न खटाईएका प्राविधिकहरुवाट सो सम्वन्धमा के भएको हो ? भनी प्रतिवेदन पेश गर्न पत्र लेखिएकोमा मिति २०७३/१०/०२ गतेका दिन ईन्जिनियर श्री अशोक कुमार कुशवाह र सव-इन्जिनियर श्री नविन खनालवाट सो भवन निर्माणको सन्दभमा विस्तृत प्रतिवेदन ( प्रतिवेदन **www.nijgadhmun.gov.np** मा हेर्न सकिनेछ) प्राप्त भएको छ । सोही प्रतिवेदनको आधारमा यस कार्यालयले मिति २०७३/१०/०३ गते भवन निर्माण कार्यमा देखिएको गुणस्तरहिन सामान प्रयोग गरेको सन्दर्भमा १५ दिन भित्र यस्तो सामाग्री हटाई प्राविधिकवाट सिफारिश गरिएको सामग्री मात्र प्रयोग गर्न र निर्माण भईसकेको कार्य भए सो कार्य तुरुन्त प्रतिवेदनमा उल्लेख भए वमोजिम गर्नु गराउनु हुन भनी निज ठेकेदारलाई पत्राचार गरिएको हुदां राजनैनिक दल, पत्रकारहरु र सचेत नागरीकहरुप्रति जानकारी गराउदछौं ।

अन्तमा, आगामी दिनमा यस निजगढ नगरपालिका भित्र निर्माणाधिन कार्यालय भवन, अन्य निर्माण कार्य तथा उपभोक्ता समितिवाट गरिने सबै कार्यहरु तथा यस नगरपालिकावाट सम्पादित कार्यहरुसमेत तोकिएको मापदण्ड वमोजिम कार्य गर्ने गराउनेतर्फ यस कार्यालय प्रतिवद्ध रहेको व्यहोरा सबै राजनैनिक दल, पत्रकारहरु, सचेत नागरीकहरु र सर्वसाधारणहरुमा जानकारी गराउदछौं ।

मिति :- २०७३/१०/०४ गते
निजगढ नगरपालिका कार्यालय, निजगढ, बारा ।

नविन खनाल
सब-ईन्जिनियर

CIVIL ENGINEER

निमित्त कार्यकारी अधिकृत